# मौनता तोड्दै



# दुई शब्द



'मौनता तोडदै' नामक यस पुस्तक यौनिक तथा लैगिंक अल्पसंख्यकहरूको कथाको संकलन हो, जो एक समय लैगिंक सर्वोच्चतावादीहरू यौन लिंगको हिसाबमा आफ्नो श्रेष्ठता दर्शाउनेहरूबाट अपहेलित भएका थिए । जसले आफ्नो पहिचानको निम्ति निडर भएर आफ्नो मौनता तोडे, यस पुस्तकमा उल्लेख गरिएका कथाहरू आफ्नो मौनता तोडन किन आवश्यक छ र मौनता तोडे पश्चात्हरू विभिन्न तरिकाले पीडित यौनिक तथा लैगिंक अल्पसंख्यकका जीवनमा के-कस्ता परिवर्तन आय भन्ने कुराको बलियो उदाहरण हो ।

सन् १९९० मे १७ मा विश्व स्वास्थ्य संगठनले समलैगिंकतालाई रोगको सूचीबाट हटाई समलैगिंकता हुनु प्राकृतिक प्रकृया हो भनी घोषणा गरिएको दिनको स्मरण गर्दै विश्वव्यापी रूपमा होमोफोयिबा, बाइफोबिया, र ट्रान्सफोबिया बिरुद्धको अन्तर्राष्ट्रिय दिन मनाइन्छ ।

विगतका दिनमा यौनिक तथा लैगिंक अल्पसंख्यक समुदायले एउटा कल्पना गर्न नसकिने काहलीलाग्दो अत्यन्तै धेरै र कष्टकर भेदभाव, अन्याय र हिंसा भोग्नुपरेको थियो र दुर्भाग्यवश आज पनि यौनिक तथा लैगिंक अल्पसंख्यकहरू सोहि यातना विभेदका शिकार भैरहेका छन् । हामी लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरूले आफ्नो अस्तित्व, संघर्ष, चुनौती, मुद्दाहरू बताउनु जरुरी छ, किनकि, जबसम्म हामी आफ्नो लागि बोल्दैनौं, आफूलाई गरेको हिंसा बिरुद्ध लड्दैनौं, समाजमा हामी बिरुद्ध हुने असमानता, अमानवीय व्यवहारको अन्त्य हुँदैन र हाम्रा गहिरो तितो भोगाइहरू पनि अन्त्य हुँदैनन्हरू ।

विषम यौनिकता प्रबल रहेको हाम्रो समाजमा एक महिला समलिंगी भएर खुलेर हिँडेर आफ्नो चाहना अनुसार खुलेर बाँच्न खोज्दा मैले धेरै कष्टकर भोगाइहरू र कठिन परिस्थितिहरूको सामना गरेको छु । आफहरूनै परिवारबाट मात्र नभई, समाजबाट प्रहार भएको घृणा, अपमान र तिरस्कारले मलाई जीवनमा कठिन भयपूर्ण बाटोमा डोराउन बाध्य बनाएको थियो र जहाँ म एक्लै र शुन्य थिएँ । जहाँ मेरो आत्मसम्मान, मेरो मौलिक आधारभूत मानव अधिकारबाट बञ्चित हुनुपरेको थियो । मैले आफनो यौनिकतालाई खुलेर स्वीकार्न दशकौं वर्षसम्म निरन्तर संघर्ष गरेको छु । मैले आफ्नो मौनता भंग गरेपछि मात्र मेरो पहिचान सहितको आवाजको मूल्य बुझेको छु । यदि मैले आफ्नो डर, निराशालाई पन्छाएर आफ्नो यथार्थ पहिचान अंगाल्न नसकेको भए मैले म जस्ता लाखौं यौनिक तथा लैगिंक अल्पसंख्यक समुदायका व्यक्तिहरूको लागि अभियान चलाउन, वकालत गर्न सक्ने थिएन । आफ्नो मौनता तोड्नाले मैले लामो रातपछि सूर्यको न्यानो स्पर्श गर्न पाएको छु । आफ्नो सत्य गर्भसँग आत्मसात गरेपछि मात्रै आफ्नो वास्तविक पहिचान र आफ्नो अधिकार दावी गर्न सकिन्छ भन्ने कुरामा म एक जिउँदो उदाहरणीय व्यक्ति हुँ ।

यस पुस्तकले कैयौं यौनिक तथा लैगिंक अल्पसंख्यक समुदायको ब्यक्तिहरूको जीवनयात्रा तिनका भोगाइहरू प्रस्तुत् गरेको छ । यी कथाहरू आवाजविहीन, खुली आउन नसकेका, तिरस्कृत भएर बस्न बाध्य रहेका यौनिक तथा लैगिंक अल्पसंख्यकहरूलाई प्रेरणा, साहस र ऊर्जा दिई मार्गदर्शकको काम गर्नेछ भन्नेमा म विश्वस्त छु ।

मितिनी नेपाल सम्पूर्ण यौनिक तथा लैगिंक अल्पसंख्यक समुदायका ब्यक्तिहरू, कार्यकारी बोर्ड, सदस्यहरू, कर्मचारी/स्वयम्सेवक/प्रशिक्षण/ नेटवर्क साझेदारीहरूको सहयोग र सुझाव र साथका लागि धन्यवाद कृतज्ञता गर्न चाहन्छु । एकतावद्ध भएर हामी यौनिक तथा लैगिंक अल्पसंख्यक समुदायको लागि एक सुरक्षित, समान र सुन्दर भविष्यको कल्पना गर्दै निरन्तर अघि बढ्ने छौं ।

**लक्ष्मी घलान**
अध्यक्ष, मितिनी नेपाल




# बिषय तालिका

- भू-गोलले नछेकेको सम्बन्ध
- साहसले आर्जेको प्रतिष्ठा
- जन्म एक, भोगाइ अनेक
- अवसर र चुनौतीको यात्रा
- त्यो समय यो समय

मौनता तोड्दै



# भूगोलले नछेकेको सम्बन्ध

श्रद्धा गुरुङ

मैले २१ वर्षको उमेरमा जिन्दगीको युद्ध जितें । आफैसँगको प्रतिस्पर्धामा जित्नुको खुशी नै अलग हुने रहेछ । पृथ्वीभित्र उम्लिएको लाभाले जब ज्वालामुखी भएर निस्केपछि शान्त हुन्छ, मेरो जीवनमा मौनताको ज्वालामुखी फुटेको थियो । विना साहस कुन मानिसले संसारमा सफलता आर्जन गरेको छ र ? भारतमा पढ्दाताका हाम्रो शिक्षकले सुनाउनु भएको थियो- ‘दुईवटा मुसा दहीको ठेकीमा डुबेछन् । दहीमा झर्नासाथ एउटा आत्तिएर तत्काल डुबेर मरेछ । अर्को भने बाहिर निस्कने अठोटसाथ पौडिन छोडेनछ । उसले डुबुल्की मारेर यति प्रयाश गरेछ कि दही नौनीमा परिणत भएछ । आखिर उ त्यही नौनीलाई सिंढी बनाएर बाहिर निस्किन सफल भयो । हो, मेरो उन्मुक्तिको संघर्ष पनि त्यही पछिल्लो मुसाको आत्मविश्वास जस्तै हो ।

म मेरो परिवारसँग सुख र खुसीसाथ हुर्किएकी हुँ । मैले देहरादूनको हिल ग्रेन्ज एकेडेमीमा प्राथमिक शिक्षा हासिल गरें । त्यो बेला सरसंगतका कारण ब्याडमिन्टन खेलमा मेरो अत्यधिक रुचि थियो । सानो उमेरमै विद्यालयको प्रतिनिधित्व गरी थुप्रै प्रतिस्पर्धामा भाग लिएँ । पछि-पछि त ब्याडमिन्टनको यस्तो नशा लाग्यो कि यसैलाई जीवनको करियर बनाउने सोचसम्म पालेकी थिएँ । भविष्यमा के बन्ने ? धेरैले सोध्ने प्रश्नको उत्तर एक सासमा दिन्थें- ‘ब्याडमिन्टनको अन्तर्राष्ट्रिय खेलाडी ।’ तर बुबा भने मेरो उद्देश्य विपरित डाक्टर बन्न प्रेरित गर्नुहुन्थ्यो । मेरो परिवार पनि भारतमै बस्थ्यो । पढ्ने क्रममा मेरो स्कुल परिवर्तन भयो । पढाइको दबाबका कारण मेरो खेलप्रतिको रुचिमा पूर्णविराम लाग्दै गयो । जब म माध्यमिक तहको पढाइका लागि होस्टलमा बसें, त्यसपछि खेललाई निरन्तरता दिने मौका मिल्यो । एकदिन म मैदानमा ब्याडमिन्टन खेल्दै गर्दा प्रिन्सिपलले नोटिस गर्नुभएको रहेछ । उहाँले महिला ब्याडमिन्टन टीममा मेरो नाम समावेश गरिदिनु भयो । यसपछि त त्यहाँ हुने हरेक प्रतिस्पर्धामा म स्कुलको प्रतिनिधि भएर खेलमा भाग लिन्थें । यो खुशी धेरै दिन टिक्न पाएन । केही समयपछि बुबाले सपरिवार हङकङ जानुपर्ने र बाँकी उतै पढ्ने भनेर फोन गर्नुभयो । तन, मन रमाएको स्कुल छोड्नु पर्दाको पीडाले धेरै दिन रन्थनिएँ । तर बुबाको कुरा काट्ने हिम्मत थिएन । आफ्नो अन्तरआत्माले नमानेको कुरालाई पनि संस्कारी सन्तानका रुपमा स्वीकार्नु पर्ने बाध्यता आइलाग्यो । अनिच्छालाई इच्छामा परिणत गर्नुलाई आज्ञाकारी विशेषण दिने चलन अहिले पनि कायमै छ ।

वास्तवमा देहरादून शैक्षिक हब हो । विश्वले त्यो ठाउँलाई शैक्षिक तीर्थका रुपमा स्वीकारेको छ । माध्यमिक तहको पढाइ नेपालीका लागि हङकङभन्दा पक्कै पनि गुणस्तरीय र सुलभ थियो भन्ने लाग्छ । आखिर म परिवारसँग नभएर होस्टलमै त बसेको थिएँ । अहिले फर्किएर हेर्दा त्यहाँको पठनपाठन बीचैमा छोड्नु गल्ती थियो । जसले मेरो जीवनका थुप्रै सपना चुँडेको छ । बुबाको आग्रहलाई ससम्मान नमान्ने अधिकार त आखिर मसँग थियो । जब अभिभावकले आफ्नो तुहेको सपना आफ्ना सन्तानमार्फत् पूरा गर्ने भोक पाल्छन, त्यहीँबाट अबन्नतिको यात्रा प्रारम्भ हुन्छ ।

बुबाको पहिलो प्राथमिकता पढाइ, दोस्रो पढाइ र तेस्रो पनि पढाइ नै थियो । मीठो गीत सुन्दा, रुचिको खेल खेल्दा, राम्रो ठाउँ घुम्न जाँदा मानिस अझ रचनात्मक हुन्छ तर उहाँमा यसले पढाइ बिग्रन्छ भन्ने सोच हावी थियो । हङकङ गएसँगै मेरो खेलजीवनले विश्राम पायो । अनि त म यस्तो रोबर्ट भएँ कि मैले पढ्ने विषयको छनोट बुबाकै कोर्टमा छोडिदिएँ । त्यसपछि म विज्ञानको विद्यार्थी भएँ । जुन विषय मेरा लागि भीर र भैंसीको मिलनजतिक्कै अनमेल थियो । बुबाको खुशीका लागि सक्दो मेहनत गरें । समय बित्दै गयो । अनायास मलाई जुम्बा नाचको भूत चढ्यो । ब्याडमिन्टनमा रहेको भोक जुम्बामा सर्‍यो । हङकङ बस्दाबस्दै मेरो परिवार बेलायत बसाइँ सर्‍यो ।

मेरो परिवारका सबै सदस्य बेलायत गए । कागजपत्र मिलाउन नेपाल आएर घरमै बस्नुपर्ने भयो ।

नेपालमै बस्ने क्रममा सुबास्ना नाम गरिएकी साथीसँग भेट भयो । जुम्बा नृत्यमा उनीसँग भेट भएको हो । हाम्रो सोच,



विचार साँच्चै समान थियो । जुम्बा कक्षामा आउने, जाने सँगै गर्थ्यौं । एकअर्कालेनै कहिले पनि मायाको प्रस्ताव राखेनौं । दिनमा दशपटक 'आई लभ यू' संस्कृतिप्रति हामी दुवैलाई कति पनि विश्वास थिएन । कर्तव्यपालनको निकटताले एकअर्काको मन जित्ने काम गऱ्यो । मेरो घरमा कोही नभएका बखत एकदिन मैले सुवास्नालाई बोलाएर केक काटेको थिएँ । त्यसक्रममा मैले बचन दिँदै भनेको थिएँ– 'मेरो तर्फबाट हजुरलाई कहिले पनि मेरो माया कम हुन दिने छैन् । अमर प्रेमका लागि आफूले सकेको साम, दाम, दण्ड, भेद सबै समर्पण गर्नेछु ।' मेरो संकल्पबाट उनी अति प्रसन्न भइन । हाम्रो निकटता यसरी बढ्दै गयो कि पालो गरी गरी एकअर्काको घरमा बास बस्न जान्थ्यौं । जुम्बाका साथीहरु 'कतै तिमीहरुको लभ परेको त हैन ?' भन्दै जिस्काउँथे । हामी कुनै जवाफ नफर्काइ प्रतिक्रियाविहीन भएर बस्थ्यौं ।

हेलमेल गर्दागर्दै हामी यति आत्मीय भयौं कि एकअर्का विना अधुरो, अपुरो लाग्ने भइसकेछ । समाज र परिवार सबैलाई बिर्सिएर सम्बन्ध प्रगाढ बनाउने संकल्पमा अघि बढ्यौं । कहिलेकाहीं सम्भावित खतरा सम्भेर रातभर रुन्थ्यौं । हुनपनि म बेलायत जाने भिसाको प्रक्रियामा थिएँ । मलाई भित्रभित्र भिसा नलागिदिए हुन्थ्यो जस्तो भइरहेको थियो । कस्तो अचम्म भने जन्म दिने आमा भिसा लगाउन, सुबास्ना भिसा नलागोस भन्नका लागि प्रार्थना गर्नुहुन्थ्यो । म स्वयं सुबास्नाबाट टाढिने क्षणको कल्पना गर्न पनि चाहन्नथें । आखिर भिसा लागेरै छोड्यो ।

भिसा लिन हामी दुवै गएका थियौं । सुबासनाको इच्छा विपरीत भिसा लाग्यो । यो दृश्यले सुबासनाको अनुहारको चमक हराएर काली, निली भइन । आफूलाई बेसहारा महसूस गर्न थालिन । मैले आलापविलाप गरिरहेकी मेरी प्रिय साथीलाई बेलाबेलामा भेटन आउने आश्वासन दिएर फकाउने प्रयत्न गरें । त्यसपछि त हाम्रो काम नै अँगालोमा बेरिएर रुनु शिवाय केही थिएन । भिसा लागेपछि खुशीले आमाको पाइला जमिनमा थिएन । यता सुबास्ना हरेक पल टुक्रिंदै थिइन । सुबास्नाका लागि युके जाने प्रक्रिया अवरुद्ध गर्ने काम कुलघाती हुन्थ्यो । मैले चाहेर पनि त्यसो गर्न मिल्दैनथ्यो । आजभोलि भन्दाभन्दै युके उड्ने दिन आयो । आफ्नो परिवारसँग युकेमा जाने दिनले मेरो मनको कोलाजभित्र रंग भर्न सकेको थिएन । मेरो भिसा लागेपछि घरका सबै परिवारमा एकप्रकारको पर्व आएजस्तै भएको थियो । तर मलाई भने औंसीको रातले छोपेसरह अनुभूति भएको थियो । पीरको भुंग्रोमा पिल्सिएर भोक, निद्रा सबै हराएको थियो । घरपरिवार चाहिँ मेरो स्वास्थ्यमा समस्या आएको भनेर चिन्तित थियो । जचाउन अस्पताल जान दबाब दिन्थे । उनीहरुलाई के थाहा ? मभित्र डाक्टरले निको नपार्ने रोगले प्रवेश गरेको थियो ।

कति पटक त हाम्रो सम्बन्धका बारेमा परिवारलाई सविस्तार बताएर आफ्नो सुर गरौं भन्ने नलागेको पनि होइन । तर पारिवारिक अनुशासनको त्यो साङ्लो तोड्न सक्ने साहस पलाएन । सीधा हिसावले परिवारले यो सम्बन्ध स्वीकार्ने क्षीण सम्भावना पनि थिएन । म दोधारको डुंगामा थिएँ । न परिवार छोड्ने साहस, न सुबास्नाको सम्बन्ध टुक्र्याउने हिम्मत नै ।

बेलायत जाने दिन नजिकियो । मलाई विदा गर्न सुबास्ना काठमाडौं आइन । हप्तौंदेखि भोक, निद्रा गायव हुँदा मेरो शरीर कमजोर भएको थियो । त्यसमाथि सुबास्नाको छायाँ परेपछि त झन् लल्याकलुलुक नै हुन पुगें । उनको अनुहारमा देखिने भावशून्य दृश्यले झन् कमजोर बनाउँथ्यो । एरपोर्टमा विदाइ हुँदा हामीले भोगेको वियोगले अरुका आँखामा समेत आँसु टप्किएका थिए । बेलायत पुगेपछि म सिकिस्त विरामी भएँ । अस्पताल नै भर्ना हुनुपर्‍यो । अस्पतालको बेडमा रहँदा सुबास्नाको यादले सताउँथ्यो । उनी आएर अंगालो हालिदिए विराम विसेक हुन्थ्यो कि जस्तो लाग्थ्यो ।

संसारका लाखौं करोडौं मानिसको सपना, जपना र कल्पनाको समृद्ध शहर बेलायतको बसाईले पनि मेरो जीवनमा उत्साहको रंग भर्न सकेन । बरु प्रत्येक पल कठिनतम बन्दै गइरहे । दिनरात सुबासनाको तस्वीर आँखा अगाडि आउँथ्यो । मेरो स्वास्थ्य समस्याका बारेमा बाआमा दिनरात चिन्ता गर्नुहुन्थ्यो । जसको कुनै उपचार थिएन ।

एकदिन यस्तो समय आयो, मैले मेरो शारीरिक पहिचानका विषयमा बुबालाई सम्पूर्ण बेलिविस्तार लगाएँ । यो काम मैले जीवनमै ठूलो हिम्मत जुटाएर गरेको थिएँ । यो रहस्य खोलेसँगै आफू नेपाल फर्कने निर्णय लिएको समेत बताएँ । मेरो घोषणाले घरपरिवारको मनमा नून, चुक छरेजस्तै भयो । यो निर्णय मेरा लागि महँगो सावित भयो । परिवारसँगको मिहिन सम्बन्ध एकाएक खस्रो बन्न पुग्यो । जीवनमै पहिलोपटक मैले लिएको यस्तो अकल्पनीय निर्णयले बाआमा तीनछक्क पर्नुभयो । मलाई नेपाल फर्कने हवाई टिकटको प्रबन्ध सुबासनाले गरेकी थिइन । अरुबेला ओछ्यानबाट उठ्न कठिन मान्ने नेपाल फर्कने भएपछि सबै काममा तम्तयार थिएँ । एयरपोर्ट जाने ट्याक्सी आफैं बुक गरें । यी सबै व्यवहारले जन्मदिने आमाबाबुलाई धोका दिँदैछु भन्ने ज्ञात नभएको पनि होइन । यो पीडा मेरो जीवनको अर्को साईड ईफेक्ट थियो ।

युकेको विमानस्थल पुग्दासम्म मलाई एउटै प्रश्नले चिमोट्थ्यो– 'मेरो निर्णयले परिवारलाई कति पीडा थपिएको होला ?' कतै यो निर्णय जीवनका लागि आत्मघाती ठहर्ने हो कि ? यस्ता पेचिला प्रश्नले मन अशान्त बन्दै थियो । बेलायत जस्तो समृद्ध देशको बसाई त्यागेर नेपाल फर्कने निर्णय आफैंमा जोखिमपूर्ण छँदै थियो । आमालाई त्यसै आमा

भनिएको होइन । नेपाल आउने वित्तिक्कै आमाको फोनले राहत दियो ।

सुबास्ना मलाई लिन अधैर्यसाथ एयरपोर्टमा प्रतिक्षारत थिइन । हामी भेट्ने वित्तिक्कै भक्कानिएर रोयौं । यो आँसु विछोडको नभएर खुशीको थियो । विजयको थियो । एकखाले महाभारत जितेको अनुभव भएको थियो । नेपाल आएर सुबास्ना भेटेपछि त मेरो भोक, निद्रा, रोग कता भाग्यो कता । एकअर्काको हात पक्रिएरै आबाससम्म पुग्यौं । म घर आएपछि बेलायतमा आमाको छटपटी बढेछ । आखिर सन्तानको माया सबै आमाका लागि समान पीडा हो । उहाँकै आग्रहमा म आएको एक हप्तापछि बुबा काठमाडौं आउनुभयो । मेरो विषयमा केरकार गर्नुभयो । मैले युकेमा हुँदा उहाँलाई भनेका विषय त्यति गम्भीर रुपमा लिनु भएको रहेनछ । यहाँ मैले सुबास्नासँगको सम्बन्धका विषयमा बताएपछि छाँगाबाट खसेजस्तै हुनुभयो । उहाँले टेकेको जमिन भासिएछ । अचेत भएर अस्पताल नै भर्ना गर्नुपऱ्यो । भाग्यवश बुबाको स्वास्थ्यमा सुधार आयो । क्षणिक दुख भोग्नुपरे पनि लिएको निर्णयमा पछुतो छैन । मान्छेहरु आफ्नो प्रगतिका लागि यो भएन, त्यो भएन भन्ने गर्छन । तर मलाई लाग्छ कमल दलदले हिलोमै फुल्छ । सफा माटो चाहियो भन्दैन । पिपलले रुखो चट्टान नभनी चट्टान छेडेरै निस्कन्छ । मनैदेखि आँट नगर्नेहरुले मात्र बाहाना बनाउने हो ।

यी सवै यथार्थ जानेपछि जीवनमा धेरै पटकको हारपछि जितेको यो खेललाई निरन्तरता दिनु नै परम कर्तव्य सम्झिएको छु । हाम्रो जोडी सन्तुष्टिको अविराम यात्रामा अघि बढिरहेको छ ।

हाम्रो सम्बन्धलाई परिवाले अहिले सम्म पनि स्वीकृति दिएको छैन । हजुरआमा आँसुको धारा चुहाउँदै गुनासो गर्नुहुन्छ– 'तैंले हाम्रो सपना खरानी बनाइस ।' आमा केटा नै मन नपर्ने कस्तो रोग हो भन्दै आश्चर्यमा पर्नुहुन्छ । परिवारबाट आशिर्वाद त परै जाओस, स्वीकृतिसम्म पनि नपाउने भएपछि हामीले भागेर घरजम बसाउने निधो गऱ्यौं । सामाजिक सुरक्षाको जटिल स्थितिलाई ख्याल गरी आफ्नो संरक्षणका लागि मितिनीसम्म पुगेका छौं । उसैको परामर्शमा बाँकी जीवन सुरक्षित बनाएर गन्तव्यमा पुग्ने योजना छ ।

मलाई यो पनि थाहा छ, जसले विश्वमा क्रान्तिकारी विचार ल्याए, उनीहरूलाई इतिहासमा पागल भनिदै आइएको छ । सन् १६०० मा गणितज्ञ एवं खगोलविद् गिआर्दानो ब्रुनोले पृथ्वी वाहिर जीवन हुनसक्ने नविन विचार ल्याए । तर उनलाई पागल भनियो र धर्मको खिलाफ बोलेको भन्दै रोमको मध्य सडकमा जिउँदै जलाइयो । मानव वस्तीको खोजीमा समुद्री यात्रामा निस्कने कुरा गर्दा क्रिष्टोफर कोलम्बसलाई पागल भनिएको थियो ।

यस्तै, चार्ल्स डार्विनले मानव बाँदरको सन्तान भन्दा उनलाई मगज खुस्केको व्यक्तिको संज्ञा दिइएको थियो । थोमस एल्भा एडिसनले अक्सिजन विना बत्ती बाल्न सकिने कुरा गर्दा उनलाई बौलाहा भनिएको थियो ।

ओरविल राइट र विल्भर राइटले मानिस आकाशमा उड्न सक्ने कुरा गर्दा अरूले छोडौं रोयल सोसाइटीका अध्ययक्षले समेत असंभव भनेका थिए । डिज्नेल्याण्डको प्रस्ताव ल्याउँदा वाल्ट डिज्नेलाई आफ्नै भाइले समेत पागल भनेका थिए । विना तार सूचना प्रवाह गर्न सकिने कुरा गर्दा मार्कोनीलाई विश्वास गरिएको थिएन । महाकवि लक्ष्मीप्रसाद देवकोटालाई पनि पागल भनि राँची पुऱ्याइएको थियो । यी सबै महामानवको जीवनी पढेपछि मलाई पनि परिवारले सोचेभन्दा अलग किसिमले पागल हुन मन लाग्यो ।

मेरो जीवन, मेरो शरीरको अधिकार आफूमा हुनुपर्छ भन्ने लागेरै विषम परिस्थितिमा कठिन निर्णय लिएँ । यसमा मलाई गर्व छ ।

***




बिरेन चौधरी

# साहसले आर्जेको प्रतिष्ठा

जन्म दिने बाबुआमा, किन भए पराई ?
बस्नु पर्‍यो आज मैले, समाजसँग डराई ।

दुश्मन छैन कोही आमा, म तिम्रो सन्तान
समलिंगी भएपनि, कोख सबैको समान ।

यो कविताको अंश मेरो जीवनको ऐना हो । संसारका हरेक मानिसलाई उसको प्रिय वस्तु के हो भनेर सोधियो भने स्वाभाविक ढंगमा अधिकांशले उत्तर दिने छन्– नाम । मानिसको जिन्दगी आफैंमा विचित्र छ । को कहाँ, कहिले, कसरी, कसको कोखमा जन्मन्छ ? थाहा हुँदैन । कोही कतै निवेदन दिएर भूगोल, परिवारमा जन्मिने होइन । जन्म, मृत्यु त प्रारब्ध हो । सबैलाई प्यारो लाग्ने त्यो नाम पनि अरूलेनै राखिदिने हो । त्यही नामको इज्जत धान्न भने मानिसले

अनेकानेक संघर्ष गर्नुपर्छ । वास्तवमा नियतिले मलाई त्यस्तै कठिन कठघरामा उभ्यायो ।

सुदूरपश्चिमको कैलाली सदरमुकाम धनगढीमा एउटा सामान्य चौधरी समुदायको किसान परिवारमा मेरो जन्म भयो । मेरो नाम राखियो– वीरेन चौधरी । त्यसै पनि हाम्रो समाजमा छोराको जन्मलाई उत्सवका रूपमा मनाउने आम परम्पराअनुसार मेरा अभिभावकको भूइँमा खुट्टा थिएन । त्यसै पनि सन्तान उदाउँदो सूर्य हो भने बाबुआमा अस्ताउँदो सूर्य । निर्बल हुँदै जाँदा बाबुआमाले सन्तानबाट आड भरोसा अपेक्षा गर्छन् । जुन स्वाभाविक हो । बाआमाको त्यही सपना, जपना र भविष्य बोकेको वीरेन अहिले १७ वर्षे लक्का जवान भएको छ ।



बाआमाले पैताला खियाएरै भएपनि मेरो बाल्यकाल रमणीय बनाइ दिनुभयो । समग्रमा मेरो बालापन हाँसीखुशीमै बित्यो । घरको वातावरण बालमैत्री थियो । म सानामा छुकछुके थिएँ । मेरो चकचकले घरपरिवार कायल थियो । त्यसैले बाआमाको माया अरूको तुलनामा अलि कम पाउँथे । घरको सिंह भएपनि स्कुलमा मेरा चाल स्यालको जस्तै थियो । घर र स्कुलबीच आकासपातालको यो भिन्नता देखेर शिक्षक तथा मेरा बालसखा अचम्म मान्थे । घरको आँगन टेक्यो कि मभित्र अर्कै चरित्र हावी हुन्थ्यो । म कति निरीह प्राणी थिएँ भने ठूलो हुन्जेलसम्म पनि दिदीको हात नसमाई स्कुल जाने साहस आउँदैनथ्यो । कक्षामा ढुंगो बोल्ला तर मेरो मुखबाट आवाज निस्कदैनथ्यो ।

औकातअनुसार लालन पालन, शिक्षा दीक्षामा कुनै कमी भएन । बाल्यवस्थाबाट टीनएजमा प्रवेशसँगै मेरो जीवनले 'यु टर्न' लियो । यो उमेर जीवनको इन्द्रेणी रंग सजाउने समय हो । कुनै कुराको चिन्ताले छुँदैन । स्वतन्त्रताको कावा खाने यो उमेर हरेकका लागि एउटा सुखद खुड्किलो हो । पठ्नपाठन आफ्नै गतिमा चलिरहेकै थियो । साथीभाइमा ब्वाईफ्रेण्ड, गर्लफ्रेण्ड बनाउने एक किसिमको फेसन थियो । केटा वा केटी साथी हुनेहरूको जीवनशैली ग्ल्यामरस देखिन्थ्यो । साथी बनाउन नसक्नेहरू एकप्रकारले निरीहझैं लाग्थे । बाहिरबाट देखिँदा म पनि त्यस्तै पात्र देखिन्थे । तर मेरो मनोवैज्ञानिक हालत कसैलाई थाहा थिएन । केटीप्रति मेरो बिल्कुल विकर्षण थियो । बरू केटामै अनुराग पाउँथे । यो कुन अवस्था हो ? यस्तो किन हुन्छ ? केटीप्रति उदासिनता किन बढेको होला ? यी प्रश्नले मेरो कयौं रातका निद्रा बिथोलेका छन् । एक्लै रून्थें । सम्भवत ९, १० कक्षामा पढ्दा आफूभित्रको भिन्नै खाले प्रकृतिले एकदमै अत्यासलाग्दो अवस्थामा गुज्रिन थालें । शरीर एउटा, आत्मा अर्कै भएको जस्तो अनुभूति हुन्थ्यो ।

घरपरिवार, साथीभाइ, इष्टमित्र बीचको पार पाइनसक्नुको जंघारबीच आफ्नो जीवनको भविष्यलाई लिएर मैले दिउँसै तीनतारा देखेको छु । प्रश्नको उत्तर नपाएर आफ्नै मनको ज्वालामुखीमा जीवनका रहरहरूलाई पटक पटक खरानी बनाएको कहालीलाग्दा विगत म सँग छ । वास्तवमा केटा भएर केटैप्रतिको त्यो आशक्ति स्वाभाविक थिएन नै । सम्भवतः खुल्ला समाज, सामाजिक सञ्जालको व्यापकता नहुँदो हो त मेरो जीवनयात्राको आयतन यति फराकिलो पक्कै हुने थिएन । कुण्ठा पाल्दापाल्दै त्यही कुण्ठाले खग्रास बनाउँथ्यो होला । आपतका बेला मनलाई मस्तिष्कले नियन्त्रण गर्न नसक्ने हो भने त्यो परिणाम आत्मघाती हुन बेर लाग्दैन ।

मैले पनि मन हावी हुन नदिएर आफ्नो समस्याका बारेमा इन्टरनेटको माध्यमबाट पार पाउने सहारा खोज्न थालें । त्यसपछि त के थियो र, भटाभट साथी निस्कन थाले ।

'एलजीबीटीआई ग्रुप' नै सामाजिक सञ्जालमा सक्रिय रहेछ । मलाई ढुंगो खोज्दा देवता मिलेझैं भयो । त्यसपछि बल्ल थाहा भयो– 'मेरो योनिकता समलैंगिता र समलिंगी पुरुष असली परिचय रहेछ ।'

सामाजिक सञ्जालको माध्यमबाट मैले सहारा त पाएँ । तर म उभिएको धरातल भिन्न मनोविज्ञानमा बाँचेको थियो । जोसँग पौंठेजोरी खेल्नु साहस नभएर दुस्साहस ठहर्थ्यो । घरपरिवार, समाज, साथीभाइ सोच नदीको एउटा बगर थियो भने म विपरित बगर । यी दुईको भेट असम्भव जस्तै थियो । यति हुँदाहुँदै पनि मैले साथीहरूलाई समलैंगिक भएको अनौपचारिक हिसावले शेयर गर्न थालें । उनीहरू हाँसोमा उडाउँथे । मलाई मजाकको पात्र बनाएर उल्ली बिल्ली पार्थे । साथीभाइको व्यवहारले मर्म त पर्थ्यो तर स्वयं उनीहरू यसबारे जानकार थिएनन ।

एसइइको परीक्षा नजिँकिँदै थियो । राम्रै तयारी गरेर जाँच दिएँ । अपेक्षित परिणाम नै हात लाग्यो । यसलगत्तै कलेज जीवन शुरू भयो । घरको आर्थिक अवस्था सन्तोषजनक नहुँदा ममाथि कमाएर ल्याउनुपर्ने दबाब थियो । कामको खोजीमा चारैतिर भौंतारिन थालें । खोज्दै जाँदा सुदुरपश्चिममा रहेको यौनिक तथा लैंगिक अल्पसंख्यकहरूको संस्था हिरा समाजमा पार्ट टाईम काम थालें । कलेज र जागिरको रथलाई एकैपटक हाँक्नु अवसर, चुनौती दुवै थियो । कलेजको पढाईले मभित्र प्रज्ञा थपेको थियो भने कामले चेतनाको विकास । घरको अवस्थाका कारण सानै उमेरमा आत्मनिर्भरको बाटोमा उत्प्रेरित भएर लागें ।

कलेज पढाईका क्रममा विकाससँग भेट भयो । हामी अत्यन्त मिल्ने साथी भयौं । यो मित्रता यति गाढा बन्दै गयो कि म कलेज नगएका दिन उ पनि अनुपस्थित हुन्थ्यो । उ अनुपस्थित हुँदा कलेज समय निस्सार लाग्थ्यो । समयको गतिसँगै बढेको हाम्रो आत्मीय सम्बन्ध पत्तै नपाई इन्द्रेणी रंगझैं छुट्याउनै नमिल्ने झैं एकाकार बन्दै गयो । हामी साँझ विहान घन्टौ फोनमा कुरा गर्थ्यौं । रातविहान म यसरी फोनमा झुण्डिएको देखेपछि मेरी आमालाई म कुनै केटीको मायाजालमा फसेको शंका हुन थालेछ । उहाँले मुखै खोलेर भन्नुभयो– 'तिमी दिनरात को सँग कुरा गर्छौ हँ ? कतै मेरी हुनेवाली बुहारी त होइन ?' म हाँसेर टार्दै भन्थें– 'होइन आमा पनि त्यसै शंका गर्नुहुन्छ । त्यो त मसँग कलेजमा पढ्ने साथी विकास हो क्या ।'

म आमालाई आफू र आफ्नो समुदायका बारेमा खुलेर भन्न सक्थें, यद्यपि त्यसो गर्नु भनेको मैले मेरा अभिभावकलाई पनि गलपासो लगाउनु जस्तै थियो । वास्तविकता खोल्ने हो भने बाआमाले सपना चकनाचुर भएको ठान्नुहुन्थ्यो । नातानाला, छिमेकी शुभचिन्तकले खिसिटिउरी गर्थे । अपमानको वाण तेर्स्याउँथे । त्यसो भएपछि उहाँहरूले बाँचेर पनि पटकपटक मर्नुपर्थ्यो । अपमानको विष पिउनु पर्थ्यो । देशका नियम कानुन दुई वर्ग अर्थात महिला पुरूषमा सीमित थिए । तेस्रो शक्ति र सामर्थ्यलाई अझै पनि सहजै स्वीकार्ने परिस्थिति सिर्जना भइसकेको छैन् । समलिंगी तथा पारलिंगी समुदायका मानिस समाजमा खुलेर आउँदा घरपरिवारबाट निकालिने, पैत्रिक सम्पतिबाट विमुख हुने र अन्ततः बाध्य भएर यौन पेशा अपनाएर कष्टपूर्ण जीबन बिताउनुपर्ने बाध्यता देखेपछि यो समुदायलाई लाग्ने लान्छना, हुने भेदभाव विरूद्ध काम गर्ने संकल्प त्यहीँबाट पालेको हुँ ।

जुन मुलुकमा बैवाहिक बलात्कारको कानुन छ, त्यही मुलुकमा हामी समलिंगीहरू कानुनी अभाव र सामाजिक दबाबका कारण हरेक रात बलात्कृत हुनुपर्ने बाध्यता छ । स्वतन्त्र बाँच्न पाउने हाम्रो नागरिक अधिकारको सुरक्षा हुन सकेको छैन । के नैसर्गिक मानवअधिकार, कानुनी अधिकार पनि लिंग, वर्ग, समुदाय र भूगोल हेरेर निर्धारण हुन्छ र ? हामो इच्छा, चाहाना र आकर्षणको कुनै मूल्य छैन ? के नेपालको कानुन युरोपेली मुलुकको जस्तो मानवीय र संवदेनशील हुन सक्दैन ? अझै पनि यस्ता पेचिला प्रश्नहरू मेरो दिमागमा

खेलिरहेका हुन्छन । सात दशक लामो नेपाली जनताको अथक संघर्षपछि बनेको नेपालको संविधानले पनि हाम्रा सरोकारका विषयमा चितबुझ्दो प्रत्याभूति दिन सकेको छैन् । पाएको अधिकार पनि निगाह जस्तो छ । सरकारी निकायका पदाधिकारी नै नियम कानुनको स्वामित्व लिएर काम गर्ने जाँगर चलाउँदैनन् ।

यी नकारात्मक गतिविधिले यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका मानिसप्रति अझ धेरै काम गर्नुपर्छ भन्ने हुटहुटी जागेर आउँछ । अहिले पनि अन्तष्करणमा त्यो उर्जा जीवित राखेको छु । समाजमा लुकेर नभई खुलेर जिउनुपर्छ भन्ने आत्मबल बढ्दै गएपछि धनगढीमै हुँदा मैले लिएको त्यही अठोटलाई सार्वजनिक गर्न निल हीरा समाजले गरेको 'गे हेण्डसम नेपाल २०१७' मा प्रतिस्पर्धी बन्ने निर्णय लिएँ । यो घोषणाले मेरो जीवनमा ठूलो भूइँचालो ल्यायो । हिजोका प्रिय साथीभाइ टेढिन थाले । नजिकिन खोज्नेहरू देख्नासाथ बाटो फेर्न शुरू गरे । मविरूद्ध काटिएका कुरा सुनेर आमाबाबु असन्तुष्ट रहँदै आउनु भएको थियो । सन्तान पथभ्रष्ट भएको भान उहाँलाई परेको थियो । यो निर्णयले त झन् बलेको आगोमा पेट्रोल थप्ने काम गऱ्यो । आमाले त जस्ताको संगतअनुसारको फल पाएको भन्दै नानाथरिका आक्षेप लगाउनु हुन्थ्यो । दिदीहरूले त यति घृणा गर्नुभयो कि त्यो क्षण सम्झन नपरोस् भन्ने लाग्छ ।

प्रतिस्पर्धामा भाग लिने मेरो अठोटपछि मैले अत्यन्तै प्रेम गरेको साथी गुमाउनुको पीडाले रन्थनिएँ । हाम्रो सम्बन्धको रहस्य खुलेपछि उसलाई अप्ठ्यारो हुने महसूस गरी विकास सम्बन्धलाई निरन्तरता दिन इच्छुक देखिएन । मनमा रहेका पीर व्यथा सबै आफ्नै मनभित्र गुम्स्याएर म प्रतियोगितामा सहभागिताका लागि काठमाडौं हानिएँ । मेरो एकलव्य लक्ष्य भनेको प्रतियोगितामा कुनै न कुनै उपाधि जित्नु थियो । स्रोत, साधनविनाको इच्छाशक्ति कहिलेकाहीँ पीडादायी हुने रहेछ । होटलमा बस्न खर्चको अभाव बाहिर बस्न जगतै अपरिचित रहेको अवस्थामा काठमाडौंमा विताएका ती कठिन दिन सम्झिँदा अहिले पनि शरीर भारी भएर आउँछ । विभिन्न चरणको तालिमपछि प्रतिस्पर्धाको त्यो क्षणले मेरा तमाम् संघर्ष र पीडाका इतिबृतान्त अन्त्य गऱ्यो । औंसीपछि पूर्णिमाको रात आएजस्तै भयो । देशभरबाट आएका प्रतिस्पर्धीलाई पछि पार्दै फस्ट रनरअपको उपाधि हात पार्न सफल भएँ । यो मेरो मात्र नभई मेरो समुदायकै सर्वाधिक ठूलो उपलब्धी थियो ।

प्रतियोगिताको यो उपलब्धिले समेत मेरो परिवारमा खुशी ल्याएन । बरू सामाजिक सञ्जालमा खुलेर आएका कारण बदनामी बढेको भन्दै परिवारका सदस्य आगो बने । समलिंगीसँग प्रेममा बाँधिएको रहस्य सार्वजनिक भएमा त्यो बद्नामी आफूले धान्न नसक्ने कारण देखाएर विकास मसँग अलग भइसेकेको थियो । हर्क बढाइँ हुनुपर्ने समयमा पनि मेरा दुखका दिन बीसबाट उन्नाइस नभएर एक्काइसतर्फ बढ्न थाल्यो । यो समयलाई मैले आफ्नै अग्निपरीषा ठानेर एक इन्च पनि विचलित भइनँ । परिवारका सदस्यले फरक व्यवहार देखाए पनि झन्झन् निकटता बढाउँदै गएँ । मलाई थाहा थियो– पानीभन्दा रगतको नाता निकट हुन्छ भन्ने । सकारात्मक सोच र आत्मविश्वासलाई उर्जा मानेर अघि बढ्दै गएँ । मैले काम गर्ने संस्थाको प्रत्येक कार्यक्रममा मेरो बुबाआमा, छिमेकीलाई सहभागी गराउन थालें । ती कार्यक्रममा मैले खेलेको भूमिका र सामाजिक प्रतिष्ठाबाट बाआमाको मन मोडिन धेरै समय लागेन । आखिर मेरा अभिभावकको छहारी मैले पाएरै छोडें । मेरा असल कामको पहिलो समीक्षक भनेकै मेरा अभिभावक हुनुहुन्छ । पछिल्लो समय त मलाई परिवारले पहिलाको भन्दा बढी माया दिन थालेको छ । मैले समयमै मौनता हिम्मत नगरेको, आफनो लैंगिक पहिचान नखुलाएको भए सम्भवतः आजसम्म पनि मेरो जीवन कुइराको काग बनेको हुन्थ्यो । प्रतिभा प्रस्फुटन नगरी बसेको भए त्यो सफलता आर्जन गर्ने फलामको चिउरा चपाएसरह हुने थियो । त्यसैले म यौनिक तथा लैंगिक अल्पसंख्यक समृदायका साथीहरूलाई आफ्नो पहिचान सहित खुलेर आउन आग्रह गर्छु । हामी समाजमा नखुल्दासम्म अधिकारको बहस फगत एकहातको ताली हुन्छ । हामीले नगरे कसले गर्ने ? अहिले नगरे कहिले गर्ने । राम्रो कामका लागि हरेक दिन, हरेक पल शुभ साइत हो ।

***

# जन्म एक भोगाइ अनेक

'के हो ठूलो जगतमा पसिना विवेक
उद्देश्य के लिनु उडी छुनु चन्द्र एक ।'

मानिस भएर उद्देश्यविहीन भएर बाँच्नु एक किसिमको ठगी हो । महाकवि लक्ष्मीप्रसाद देवकोटाले कस्तो जीवन बाँच्नु पर्छ भनी दिएको यो हरफ मेरो जीवनका गाईड लाइन हुन् । सिंगो जिन्दगी भेडा हुनुभन्दा एकदिन सिंह भएर बाँच्नु उत्तम लाग्छ । नीतिले खबरदारी लगाएको छ- 'बोल्नुपूर्व सुन, लेख्नुपूर्व सोच, खर्च गर्नुपूर्व कमाउ । प्रार्थनापूर्व क्षमा गर । चोट पुऱ्याउनुपूर्व अनुभूत गर । घृणापूर्व माया गर । हार्नुपूर्व प्रयास गर । मर्नुपूर्व खुलेर बाँच । यही जीवन हो । यसैलाई अनुभूत गर र आनन्द मनाऊ ।'



**सलिना चौधरी**

प्रकृतिको सुन्दर उपवन अनि नेपालको सुन्दर उपत्यका मध्यको एक दाङमा मैले पहिलोपल्ट आँखा उघारेको हुँ । म अघि मेरो बुबाआमाका चार छोरी थिए । छोरा नभई स्वर्गको बाटो नखुल्ने सामाजिक मान्यताका कारण तीन सन्तानपछि पनि छोराको आसले मेरो जन्म भएको हुनुपर्छ । यो धरामा मेरो उपस्थितिले बुबाआमामा हर्षको सीमा रहेन । 'निपुत्री'को सामाजिक आक्षेपबाट मेरा बाआमाले मुक्ति पाएको दिन कति रमाउनु भएको थियो भनेर कल्पना गर्दा आनन्द लाग्छ । थारू समाजमा छोरा नभएका दम्पत्तिलाई निपुत्री भनेर अपमान गरिन्छ । चार दिदीको एक्लो भाइ हुँदाको परिवेश कति आनन्ददायी थियो । मलाई काखमा राखेर खेलाउन दिदीहरूको तँछाड मछाड चल्थ्यो । त्यो खुशी यति हार्दिक थियो कि छरछिमेक भेला भएर बाआमालाई अविरजात्रा गरेका थिए । म बुझ्ने भएपछि आमाको मुखबाट सम्पूर्ण बृतान्त सुनेको थिएँ । मेरो जन्मले आक्षेप लगाउनेहरूको मुखबुझो लागेको थियो ।

बाले सधैं प्रेरणा दिँदै भन्नुहुन्थ्यो– 'यदि तिमी उड्न सक्दैनौ भने दौड, दौड्न सक्दैनौ भने हिँड, हिँड्न सक्दैनौ भने घिस्र । चाहे जेसुकै गर तर तिमी जिन्दगीमा अघि बढिरहनु पर्छ ।' बुबा पेशाले पशु डाक्टर हुनुहुन्थ्यो । परिवारको लालनपालन र हाम्रो शिक्षादीक्षाका खातिर विहानदेखि रातीसम्म मेहनत गर्नुहुन्थ्यो । गाउँमा पशुपन्छी विरामी हुनेवित्तिक्कै उहाँले गएर उपचार गर्नुपर्थ्यो । सम्भवत : डाक्टर बन्न प्रेरित गर्न होला, मलाई पनि सँगसँगै लानुहुन्थ्यो । गाईबस्तुलाई सुई हानेको देखाएर मलाई 'सुई यसरी हान्नुपर्छ' भनेर हौस्याउनुहुन्थ्यो । अझ सिरिन्ज दिएर कपासमा सुई हान्न सिकाउनु हुन्थ्यो ।

म नियमित स्कुल जान्थें । बाल्यकालमा आफूलाई छुट्टै त्यस्तो अनुभव भएन । तर साथीहरूले मेरो रूचि, जीवनशैली ख्याल गर्दा रहेछन् । उनीहरू मलाई केटी चरित्रको भन्दै जिस्काउँथे । किन उनीहरू म माथि यस्तो आक्षेप लगाइरहेका छन् भनेर भित्रभित्रै डरले काँप्थे । यद्यपि साहसी बनेर उनीहरूलाई दपेट्दै भन्ने गर्थें– 'तिमीहरूले मलाई लाउन, खान दिनुपरेको छैन, म जस्तो भएपनि के मतलव ?' एकान्तमा भने आफ्नो चरित्रले गिज्याउँथ्यो । आखिर बुबाको सपना साकार गर्ने एकमात्र सहाराको त्यान्द्रोजस्तै सन्तान थिएँ म । अभिभावकको यो भरोसा टुट्न नदिनु मेरो पहिलो र अन्तिम कर्तव्य बन्थ्यो ।

बुबाको सपना समयलाई मञ्जुर भएन । 'म ताक्छु मुढो, बन्चरो ताक्छ घुँडो' झैं भयो । बाल्यावस्थाबाट मेरो उमेर युवावयतिर तानिदै जाँदा मभित्र महिलामैत्री भाव प्रकट हुन थाल्यो । आफूलाई महिला परिवेशमा कसरी ढाल्ने त्यही ध्याउन्न हुन्थ्यो । पोशाक पनि केटीको मन पर्थ्यो । साँच्चै भन्ने हो भने पुरूषमा हुने गुण एकरत्ति पनि थिएन । रूप, रंग, चालढाल मात्र हैन, गृहिणी कर्ममा असाध्य लगाव थियो । भात पकाउने, भाँडा मोल्ने, लिपपोतको काममा लागिरहन मन लाग्थ्यो । १४ वर्ष पुग्दानपुग्दै म पूर्णत महिला भएको महसूस गर्न थालें । १५, १६ वर्ष हुँदा त त्यही उमेरका केटातर्फ मन बहकिन थाल्यो । केटाको स्नेहले तान्थ्यो ।

एउटा तन्नेरीलाई माया गर्न पाए हुन्थ्यो भन्ने सपना मनको अन्तरकुन्तरमा खेल्थ्यो । केटा भएर जन्मिएको मलाई केटैप्रति किन आकर्षण बढ्यो ? मेरो यस्तो अनौठो प्रकृतिको रहस्य खुल्यो भने घरपरिवारमा मेरो इज्जत के होला ? चार दिदी जन्मिएपछि छोराको अवतारका रूपमा मलाई पाउँदा परिवारमा आएको खुशी अब के हुने होला ? मानिसभित्र यस्तो चरित्र प्रकट हुनु रोग हो कि प्रकृति ? म आफ्नै चक्रव्यूहमा फस्न थालें । अझ एकान्तमा गएर कुरा खेलाउने डरलाग्दो मनोवृत्ति देखिन थाल्यो । यसैगरी एकांकीपन बढ्दै गएमा डिप्रेसनले गाँज्ने समस्या उत्तिक्कै थियो । आफैंलाई चिन्न नसक्ने एउटा विडम्बनायुक्त पात्र बनेको थिएँ ।

एकदिन हिम्मत गरेर मैले मेरा सम्पूर्ण कुण्ठा मेरी माइजुलाई खोलें । माइजुलाई व्यथा खोल्दा उपहासको पात्र बनेर झन् मेरो पीडा ठट्टामा उड्ने त्रास उत्तिक्कै थियो । भोकप्यास




कुन चरीको नाम हो जस्तै गरेर दिन बित्दै थिए। त्यो दिन विहानीको किरणसँगै माइजुको घरमा ढोका ढक्ढक्याउन पुगें। अवोध शैलीमा उहाँले समेत बुझ्ने शैलीमा भनें- 'माइजु , म पुरूष भएर जन्मिए पनि मेरा हरेक सोचविचार, रूचि, काम गर्ने शैली महिलाको जस्तो छ। साँच्चै भन्दा मलाई मेरो मन, मस्तिष्कले महिला भनेर स्वीकार्छ। यस्तो किन भएको होला ?' मेरो मुखबाट आएका यी प्रसंग शायद माइजुले अपेक्षा गरेका विषयभित्र परेनन। त्यसैले केहीबेर त अक्क न बक्क पर्नुभयो। केहीबेरपछि आश्वस्त बनाउँदै नआत्तिन भन्दै समयले सबै ठीक ठाउँमा व्यवस्थापन गर्छ भनेर भरोसा दिनुभयो।

उहाँ मेरा लागि भगवान नै ठहरिनु भयो। मलाई हिम्मत मात्र दिनु भएन, जीवनका रोडम्याप कोर्न सिकाउनु भयो। मेरो जस्तै चरित्र भएका पात्र खोजमेल गर्न उत्तिक्कै सघाउनु भयो। मेरो चरित्र अर्धनारेश्वर रहेछ। आध्यात्मिक कथाहरूमा अर्द्धनारेश्वर र किन्नरीको चर्चा यसअघि नै मैले सुनेको थिएँ। मैले एसएलसीको परीक्षा दिएँ।

फुर्सदको समयमा साथीहरूसँग दाङको रमणीयस्थल धारापानी गएँ। जहाँ विश्वकै सबैभन्दा अग्लो त्रिशुल स्थापना गरिएको छ। त्यहीँ घुम्ने क्रममा एउटा अपरिचित साथीसँग चिनजान भयो। संयोगले उनी पनि मजस्तै रहेछन्। यो भेट मेरा लागि दुर्लभ संयोग बन्यो। साँच्चै भन्ने हो भने पानीमा बगेको मानिसले सहारा पाएजस्तै। यो चिनापर्ची यसर्थ पनि महत्वपूर्ण थियो कि भोलि मैले समाजमा संघर्षका थुप्रै युद्ध जित्नु थियो। एकबाट दुई भइयो भने दुईबाट चार हुन समस्या पक्कै हुने छैन भन्ने लाग्न थाल्यो। भीरबाट झरेको ढुंगोले अडिने ठाउँ पाउँछ भने म त विवेकशील मानिस हुँ त्यसैले युद्धमा एक्लै हुन्न भन्ने आँट पलायो। एसएलसी पास भएपछि त आफ्नो व्यक्तित्व विकासका लागि क्षितिज खुल्ला थियो।

घरमा मेरो उपस्थिति साँच्चै अन्योलको स्थिति बन्दै गएको थियो। मलाई छोरा भन्ने कि छोरी परिवार दोधारमा थियो। बाआमाको मनोविज्ञान पढ्दा उहाँहरू अत्यन्त जोखिमी मनोविज्ञानमा बाँचिरहनु भएको थियो। न मलाई गाली गरेर अपमान गर्न सक्नु हुन्थ्यो, न प्रेम दर्शाएर अपनत्व दिन नै। मेरो मानसिक र शारीरिक प्रकृतिबारे गाउँमा डढेलोसरि चर्चा परिचर्चा हुनथाल्यो। मसँग जोडेर बाआमालाई अपमानका व्यंग्यवाण प्रहार हुन थाले। कतिपयले त 'कमाराको सन्तान' भनेर बिझाउँथे। नखाएको विषले परिवार विक्षिप्त अवस्थामा पुग्यो। म आफैं रहरले यस्तो जीवन लिएर आएको थिइँन। मैले बाआमालाई सम्झाउँदै भने- 'यस्तो हुनुमा मेरो कर्म र भाग्यको दोष होइन। न त तपाईंहरू नै दोषी हुनुहुन्छ। यो शारीरिक अवस्था होस्। कुनै स्वास्थ्य समस्या पनि होइन। समय वित्दै गएपछि समाजले बुझ्छ। म जस्ता कयौं अरू मानिस सामान्य जीवन बाँचेका उदाहरण छन्।' मेरा यी अभिव्यक्ति झन् आगोमा पेट्रोल खन्याएजस्तै भयो।

बाआमाको पीडा महसूस गर्थें तर त्यसको निदान गर्ने कुनै उपचार थिएन। घरपरिवारमा काँडा भएर बस्नुको औचित्य नलागेपछि मैले भाग्ने निधो गरें।

कहाँ जाने ? तत्काल निर्णय लिएँ बुटवल जाने। गाउँकै एकजना साथी र म बुटवल लाग्यौं । जाँदाजाँदै बाटोमा पानीले कुटेर मुसो भइयो । चिसोले जिउ लगलगी कामेको थियो । प्रतिकूल अवस्थामा घर छोडेकाले बाटोका लागि लाउने, खाने कुनै सामाग्री थिएन। एउटा घरको सिंढीमुनि बास बस्यौं। पराललाई ओढ्ने, ओछ्याउने बनाएर रात बिताएको त्यो कहालीलाग्दो क्षणले अहिले पनि पिरोल्छ। बास बसेको घरकी आमा अत्यन्त दयालु हुनुहुँदो रहेछ । उहाँले ज्यालादारीमा काम दिनुभयो । केही समय त्यहीँ काम गरियो। शारीरिक श्रम गर्ने बानी थिएन। त्यसैले आमाले दिएको काममा मन धेरै अडिएन । त्यसपछि भात खाने खर्च जुटाउने मेसो खोज्दै जाँदा ८ कक्षासम्मका विद्यार्थीलाई ट्युसन पढाउन थालें। अरूलाई पढाउने र आफू पढ्ने दुवै कामलाई निरन्तरता दिएँ।

स्थानीय विद्यालयलमा पढाउने निशान्तसँग चिनापर्ची भयो। पहिलो पटक निशान्तलाई देख्दा मनभित्र काउकुती लागेजस्तो भयो। यसअघि धेरै साथीभाइसँग सरसंगत भयो तर उसँगको पहिलो भेट नै न्यानो र स्मरणीय अनुभूत भयो । दिन वित्दै जाँदा उ मैरै भइदिए हुन्थ्यो जस्तो लाग्थ्यो। उसैसँग घरजम गरेर सुन्दर संसार बनाउने एकतर्फी कल्पनामा डुब्न थालें। अर्कातर्फ मेरो शारीरिक अवस्था बाधक हुने हो कि भन्ने त्रास पनि उत्तिकै। मैले आफ्नो विषयमा निशान्तलाई सम्पूर्ण बेलिविस्तार लगाएँ । आश्चर्य, निशान्त त महासागरभन्दा फराकिलो दिलका मानिस रहेछन्। बरू मलाई हौसला भर्दै भने– 'तिम्रो अवस्था बारे म जानकार छु। यो दैवको खेल हो। यसलाई स्वीकार नगर्नु भनेको प्रकृतिको संरचनालाई धोका दिनु हो । तिम्रो र मेरो सम्बन्ध खोलाको दुई किनार हो । कहिल्यै छुट्ने छैन । सधैं साथ रहनुपर्छ ।' यो भन्दा सुखद् भरोसा मेरा लागि अरू के हुनसक्थ्यो र ?

हामीबीच भावना र चेतना समान थियो। एकअर्काको प्राप्तिमा अत्यन्तै खुशी पनि। हाम्रो सम्बन्धलाई तोड्ने धेरै प्रयास भए तर निधारमा लेखिएको नमेटिने रहेछ।

निशान्तले आफनो परिवारसँग भेट गराउने भन्दा डरले मन कामिरहेको थियो। कतै परिवार पूर्वाग्रही भइदियो भने निशान्तको मन बद्लिने पो हो कि भन्ने भय थियो । तर परिवारले दर्शाएको अनपेक्षित व्यवहारले म नौनीझैं पग्लिएँ। मलाई देख्नासाथ आमाले 'छोरी' भन्दै स्नेह दिनुभयो। भाइले 'भाउजु' सम्बोधन गरेर जिस्काउनु भयो। निशान्त परिवारलाई हामी जस्तो व्यक्तिका बारेमा जानकारी रहेछ । परिवारले यसरी व्यवहारमै हार्दिकतापूर्वक हरियो बत्ती बालेर सम्बन्धलाई सामाजिक वैधता दियो।

निशान्तको परिवारसँगको भेटपछि मेरो हिम्मतले उचाई लिँदै गयो। तर एउटा कानुनी र सामाजिक वैधता नपाउने खतरा भेल्नु थियो । जुन समस्या हाम्रो पहुँचमा थिएन । कानुनी, सामाजिक, राजनीतिक, आर्थिक चौतर्फी पावन्दीसँग महाभारत लड्नु थियो। मानिस भएर जन्मिएपछि सामाजिक सुरक्षाको प्रश्न पाइला पाइलामा तेर्सिन्थ्यो । अर्को पुस्ताको भर गर्न सन्तान प्राप्तिको सम्भावना नै छैन । भोलि कसले देखेको छ र ? यदि यो सम्बन्धले निरन्तरता पाउन सकेन भने पैतृक सम्पत्ति पाउने अधिकार कानुनले दिएको छैन । भगवानसँग कामना छ, त्यो दिन देख्न नपरोस्। तर नियतिले त्यो ठाउँमा पुऱ्यायो भने चाहिँ अझै पनि भविष्य घरको न घाटको हुने निश्चित छ । सास रहुन्जेल आस मारेको छैन । आफूले सोचेजस्तै जीवनसाथी पाएर तमाम् दुख भुल्दैछु। यता आफ्नो माइतीसँग छुटिएको ६ बर्ष भइसकेको थियो । बुटवलको तिनाउ नदीमा धेरै पानी बगिसकेको थियो । घमण्डका घैंटाहरू फुटिसकेका थिए । मेरा बाआमा यो सम्बन्धलाई अन्ततः स्वीकार्ने अवस्थामा आइपुग्नु भयो । अहिले म जन्मथलो दाङमै सानोतिनो काम गरेर बसेको छु । समयमै आफ्नो अस्तित्वका लागि गरेको संघर्ष साँच्चै अविष्मरणीय लाग्ने रहेछ। त्यो भन्दा पनि जन्मिदा बाआमाको प्यारो 'छोरो'लाई अहिले मेरो इच्छाअनुसार उहाँहरूले 'प्यारी छोरी' भनेर अरूलाई चिनाउँदा अपार आनन्द लाग्छ।

***

# अवसर र चुनौतीको यात्रा

चैनु चौधरी

मैले सानो हुँदै अमेरिकी राष्ट्रपति अब्राहम लिंकनसँग सम्बन्धित एउटा प्रसंग सुनेको थिएँ । एकपटक उनलाई सोधिएछ– 'तपाईं साधारण मानिसबाट राष्ट्रपति जस्तो उच्च पदमा कसरी पुग्नुभयो ?' लिंकनले मुस्कुराउँदै जवाफ दिए– 'मैले आफ्नो जीवनमा पाइला पाइलामा परीक्षा लिएँ । हरेक असफलताबाट केही सिकें सम्हालिएँ र आफ्नो त्रुटी सुधार्दै नयाँ बाटो बनाउँदै गएँ । म सामान्य मानिसबाट राष्ट्रपतिसम्म यात्रा तय गर्नुको रहस्य पनि यही नै हो ।'



लिंकनको यही उत्प्रेरणा मेरो जीवनको उर्जा बन्यो । ७ औं सन्तानको रूपमा रहेकी मैले सातै वर्षमा जन्म दिने आमा गुमाएँ । अरूका लागि लक्की ठहरिने सात अंकले मेरो जीवनमा विपत्तिको प्रलय ल्यायो । आशा, भरोसा टुटेको अवस्थामा अब्राहम लिंकनको प्रेरणाले मलाई घच्घचाउँथ्यो । समाजका लागि केही गर्नुपर्छ भनेर हुटहुटी लगाउँथ्यो । हुन पनि धन नष्ट हुन्छ, सौन्दर्य विलीन हुन्छ, जीवन तेजसँग समाप्त हुन्छ, शक्ति लुप्त हुन्छ तर मुलुक र समाजका लागि गरेको योगदान अजर, अमर रहिरहन्छ ।

सुनसरी जिल्लाको इटहरी नगरपालिका वडा नम्बर ९ मा मेरो जन्म भएको हो । म परिवारकी कान्छी सन्तान हुँ । पाँच दिदीबहिनी र दुई दाजुभाइ गरी मेरो आमाबाबुका सात सन्तान हौं । आर्थिक रूपले पनि हाम्रो परिवार समृद्ध थिएन । दिनभरि रगत, पसिना बगाएर आर्जिएको कमाईले परिवारको पेट पाल्नु पर्थ्यो । आमा गुमाएपछि परिवारमा हार्दिकता र अपनत्व कम हुँदै गयो । कमाएर ल्याउने उमेरको दाजु घरबाट अलग हुनुभयो । अरूको घरमा काम गरेपछि प्राप्त पारिश्रमिकबाट घरायशी आवश्यकता पूर्ति गर्ने अभिभारा मेरो काँधमा आइलाग्यो । त्यतिबेला चौधरी समुदायमा छोरी स्कुल पठाउने चलन थिएन । जुन चलन मेरा निम्ति पनि अपवाद रहेन । घरको ममता, अवसरबाट छोरी भएकै कारण वञ्चित भएँ ।

पेट भर्न सानै उमेरमा अरूको घरमा भाँडा सफा गर्ने, गाईबस्तु, भेडाबाख्रा चराउनेसम्मका सम्पूर्ण काम मैले गर्नुपर्थ्यो । उमेर बढेसँगै मेरो शारीरिक बनोटमा परिवर्तन आउँदै गयो । बाहिरी आवरणमा केटी देखिए पनि मेरा गतिविधि उदेकलाग्दा थिए । अरू सामान्य केटीको दैनिकी, रूचि, पोशाक रोजाईभन्दा मेरो अलग्गै पहिचान थियो । म हुर्किएको छोरी भएर हो । तर महिनावारी हुने उमेर पुग्दा पनि मभित्र प्रकृतिको त्यो नियमले प्रवेश पाएन । यस्तो भएपछि स्वाभाविक थियो, छटपटी शुरू भयो । साथीभाइलाई आफ्नो स्थितिबारे शेयर गरें । कसैले आश्वासन दिए, त कसैले त्रासमाथि झन् ठूलो त्रास थपिदिए । केही नलागेपछि मैले बुबालाई आफ्नो अवस्थाबारे सबिस्तार लगाएँ । उहाँले नआत्तिन सल्लाह दिनुभयो । विचरा अनपढ बुबासँग अरू उपाय पनि त थिएन । कतिपटक आत्महत्या गर्ने तयारी गरें । मानिस आफूभित्र हारेपछि यो बाटो रोज्न बाध्य हुँदोरहेछ । मेरो हकमा पनि त्यही भयो । अर्को मनले भन्यो– आत्महत्या गरेर आफूलाई कलंकित गर्नु साटो यही संकल्पलाई संघर्षमा अनुवाद गर्दा के हुन्छ ? हो, दोस्रो विकल्पका लागि तयार भएँ ।

तनको भन्दा मनको रोगले मेरो जीवनमा डढेलो लाग्न थाल्यो । आफ्नो गाउँ ठाउँमा अनावश्यक होहल्ला भन्ठानेर मसक्क आँट गरी गाउँकै एकजना दाइको साथ लागेर उपचारका लागि भारतको सिलगुढी गएँ । डाक्टरले भिडियो एक्सरे लिएपछि थाहा भो, मेरो त पाठेघर नै रहेनछ । यो कुनै रोग नभएर प्रकृतिले कुँदेको एकप्रकारको शारीरिक संरचना रहेछ ।

त्यो दिनबाट मेरो परिचय खुल्यो– 'अन्तरलिंगी पुरूष ।' जन्मदा पृरूष र महिला दुवैको यौनाङ्ग अस्पष्ट लिएर जन्म हुनुलाई अन्तरलिङ्गी भनिने रहेछ । जीवनमा छोरा वा छोरीको जन्म हुन्छ । तर मेरो अवस्था भिन्न थियो । यसले मानसिक तनावको सृजना गर्थ्यो । आकास खसेर आफ्नै टाउकोमा बज्रिएझैं हुन्थ्यो । आफूलाई संसारकै सबैभन्दा अभागी पात्र लाग्थ्यो । त्यो परिस्थिति सम्झिएर अहिले पनि भक्कानिने गर्छु ।

मेरो जीवन अब अवसर र चुनौतीको दोसाँधमा रहेको अनुभव हुन थाल्यो । फेरिएको परिचय जीवनशैलीमा कस्तो परिवर्तन ल्याउला ? समाजले कसरी हेर्ला ? वैवाहिक अवस्था के होला ? बुबाले ममाथि गर्नुभएको भरोसाले अब कस्तो आकार

पाउला ? यसखाले विभिन्न प्रश्नले एक्कैचोटि आक्रमण गरे । प्रश्न अनगिन्ती थिए । उत्तर थिएन । मलाई उपचारका लागि सिलगुढी लैजाने दाइको सल्लाह र सहयोगमा म एलजीबीटीआई अर्थात् म जस्तै अन्तरलिंगीको हकहितमा काम गर्ने संस्थामा पुगें । उहाँहरूले खुलेर स्वाभिमानपूर्वक समाजमा स्थापित हुन हिम्मत दिनुभयो । लड्न गल्ती नभएर लडेर नउठ्नु चाहिँ नालायकी हो भन्ने उहाँहरूको सल्लाह साँच्चै प्रेरणादायी लाग्यो । त्यही दिनदेखि परिवार, गाउँ समाज, इष्टमित्रलाई आफ्नो शारीरिक अवस्थाबारे निर्धक्क बताउन थालें ।



माया, प्रेम कस्तो हुन्छ ? मेरो भाग्यमा लेखिएन । मन जित्ने माया कसैबाट पाइन । बासनाको मायामा मेरो अनुराग नै रहेन । साथीसंगी बनाउनेमा मेरो रूचि रहेन भन्दा हुन्छ । बरू भतिजा, भतिजीसँग हाँसखेल गरेर दिन बिताउन रमाइलो लाग्थ्यो । हाँसीमजाकमा परिवारका सदस्यले कहिलेकाहीँ सोध्थे– 'तँलाई माया गर्ने कोही साथी छैनन् ?' मेरो जवाफ हुन्थ्यो– 'स्कुल नजाने, लेखपढ नगर्नेलाई कसले माया गर्छ र ?' काकाका छोरीहरूको झ्याइँझ्याइँ विवाह हुँदा चाहिँ अलि नमज्जा लाग्थ्यो । यो दृश्यले बुबा अझ बढी चिन्तित देखिनुहुन्थ्यो । शायद यो दृश्यमा उहाँ मलाई कल्पनु हुन्थ्यो हो । जीवनमा अरूले भन्दा पनि आफ्नाले दिएको पीडा अझ असह्य हुन्छ शायद । मेरा सहोदर दाजु, दिदीबहिनीले गरेको उपेक्षा चाहिँ साँच्चै मर्मस्पर्शी थियो ।

आत्मनिर्भरको बाटोमा हिँडिसकेका कारण कोहीप्रति अनुगृहित हुन जरूरी थिएन । अन्तरआत्मालाई धोका दिनु पाप हो जस्तो लाग्थ्यो । सफलताको सूत्र पुस्तकमा नभएर मेहनतमा हुन्छ भन्ने मेरो मान्यता रहँदै आएको छ । मेरो निर्णयले घरपरिवारलाई आघात पर्‍यो । बुबा रिसाउनु भयो । दाजु तथा दिदीहरूले मसँग सम्बन्ध जोडिँदा सामाजिक रूपमा आफूहरूले भोग्नुपर्ने मानसिक क्षतिका बारेमा असन्तुष्टि व्यक्त गर्नुभयो । यो उहाँहरूका लागि अप्रत्याशित घट्ना थियो । अझ भोगाइका हिसावले त मेरा लागि सामाजिक भूइँचालो नै थियो ।

समय एकनास रहँदैन । डढेलो लागेको बनमा त पिपिरापिपिरी पलाउँछ भने आखिर सन्तान त सन्तान नै हो । परिवारले मप्रति स्नेह र प्रोत्साहन बढाउँदै लग्यो । मलाई परिवार, परिवारलाई म एक सिक्काका दुईपाटा जस्तै बन्यो । समाज अभ्यस्त हुँदै गयो । सामाजिक सञ्जाल र सूचना प्रविधिको चमत्कारले मानिसलाई कुरा बुझाउन धेरै मेहनत गर्नुपर्ने अवस्था रहेन । अहिले म आफ्नै घरमा बसेको छु । परिवारका सदस्यको साथ, सहयोग यथेष्ट छ । यति हुँदाहुँदै पनि भने जस्तो काम नपाउँदाको पीडाले झस्काइ रहन्छ । जहाँ रहेपनि पापी पेट अगाडि लागिहाल्छ । सरकार, यस क्षेत्रमा काम गर्ने संघसंस्थाहरूले हाम्रो रोजगारीको विषयलाई पहिलो प्राथमिकतामा राखिदिए सर्व हिताय, सर्व सुखाय हुने थियो । ***

# त्यो समय
# यो समय



२०२३ साल जेठ १५ गते बुबा कुलबहादुर र सकुन्तलादेवी मल्लको कोखबाट मेरो जन्म भएको हो । मेरा बाआमाको पाँचमध्ये म कान्छो सन्तान हुँ । जन्मदा मेरो परिचय छोरी थियो । हुर्कंदै गएपछि मानसिक रूपमा आफूलाई छोराको परिचयमा गर्व लाग्न थाल्यो । हाउभाउ, बोलीबचन, लवाइखुवाई सबैमा छोराको परिचय झल्कन्थ्यो । कपालसमेत ब्वाईज कटमै रूचि थियो । आमा मेरो लागि छोरीले लगाउने कपडा किनेर ल्याइदिनुहुन्थ्यो । तर म झगडा गरेर भएपनि छोराले लगाउने पोशाक किनाएर छोड्थें । फेर्ने लुगा नहुँदा दाजुको लुगा लगाउँथे । छोरी भएपछि आफ्नो मर्यादामा बस्नुपर्छ भनेर बाआमाले लाख सम्झाउनु हुन्थ्यो ।

**किरन मल्ल**

त्यस्ता अर्ती बुद्धिले कति पनि छुँदैनथ्यो । मभित्र आएको यसखाले परिवर्तनले घरमा सधैं विवाद र बिग्रह जन्मिन्थ्यो । विना अनुमति आफ्नो लुगा लगाएको निहुँमा दाजुको हातबाट कुटाई खाएको त कति हो कति । मेरा लागि सम्पूर्ण अपमान पाच्य थियो, केटीको लुगा लगाउन मरेतुल्य हुन्थ्यो । मनशान्तिका लागि पनि मैले अरूलाई मन नपर्ने काम गर्नुपर्थ्यो । मेरो जन्म हेटौंडामा भएपनि व्यवहारिक कारणले हाम्रो स्थायी बसोबास बर्दिया हुनपुग्यो ।

मैले कतै पढेको प्रेरक प्रसंग हामीजस्ता अलग प्रकृतिको जिन्दगी बाँच्नेहरूको मनोविज्ञानसँग मेल खाने भएकाले यहाँ प्रस्तुत गर्न सान्दर्भिक ठान्छु । एकजना मानिस आफ्नो सानो छोरासँगै रेलमा यात्रा गर्दै थियो । रेल गुड्दै जाँदा उसको छोरा चिच्यायो– 'बाबा, हेर्नु त ! वरिपरिका रूखहरू पछाडि–पछाडि दौडिरहेका छन् ।' बाबु मुस्कुराउँदै चुपचाप सुनिरह्यो । छोरा डराएझैं करायो– 'बाबा ! बाबा ‼ माथिबाट बादल हामीतिरै आइरहेको छ ।' यी दृश्यले झन्झट मानिरहेको एकजना भलाद्मी निधार खुम्च्याउँदै चिच्याउन थाल्यो– 'बेसुरा बोलिरहने आफ्नो छोरालाई मानसिक अवस्था सुधार्न किन अस्पताल लग्दैनौ ?' बच्चाको बाबुले काँप्दै मलिन स्वरमा भन्यो– 'हो, म हस्पिटलबाटै फर्कंदैछु हजुर । मेरो छोरो दृष्टिविहीन थियो । आज उसले एउटा नयाँ आँखा पाएको छ । त्यसैले सबैथोक अनौठो लागेर उ चिच्याइरहेको छ ।' यो सुनेर भलाद्मी पश्चाताप डुबेर माफी माग्न थाल्यो । यसको अर्थ के हो भने सबै मानिसका आआफ्नै कथा हुन्छन् । ती कथासँग उसका स्वाभाविक घटनाभन्दा भिन्न संवेदना र भावना जोडिएका हुन्छन् । उनीहरूले आआफ्नो प्रकृतिको सम्मान चाहिरहेका हुन्छन् । तर अरूले यो संवेदना ख्याल नगर्दा उनीहरूमा मानसिक आघात पुग्छ ।

सानो उमेरमा त कुनै वास्ता भएन । १२, १३ वर्षको भएपछि चाहिँ साथीभाइहरूले मेरो हाउभाउ देखेर न केटा भनेर विश्वास गर्थे, न केटी नै । केटीहरू मेरो नजिक आउन डराउँथे । केटाहरू पनि उडाउँथे । जे जस्तो प्रतिक्रिया



जनाएपनि केटीहरूलाई जिस्काउन आनन्द लाग्थ्यो । यसै मेसोमा एउटी नयाँ साथीसँग चिनजान भयो । जसको नाम थियो– श्रीमाया । उनका पिताजी भारतीय लाहुरे हुनुहुन्थ्यो । उहाँ परदेशमै बस्नुहुन्थ्यो । तीन सन्तान लिएर आमा बर्दिया बस्नुहुन्थ्यो । म काम सघाउने निहुँले बारम्बार श्रीमायाको घर गइरहन्थें । श्रीमाया स्कुल जान्थिन । मेरो उपस्थिति यति सहज बन्दै गयो कि पारिवारिक सदस्यको हैसियत पाउन थालें । बाहिर हेर्दा काम सघाउने भएपनि भित्री उद्देश्य श्रीमायाको मन जित्नु नै थियो । सर्प पनि मरोस्, लाठी पनि नभाँचियोसको रणनीतिमा चलेको थिएँ । आखिर त्यो उद्देश्य प्राप्तिमा सफल भएरै छाडें । आमाको म प्रति अथाह विश्वास थियो । खै किन हो ! बुबालाई मेरो उपस्थिति प्रियकर लाग्दैनथ्यो । उहाँले धेरैपल्ट अपमान गर्दै घरबाट निकाल्नु भएको छ । तर आमा मेरो पक्ष लिएर प्रतिवादमा उत्रनु हुन्थ्यो । बुबा घर आएको बेला लुकीछिपी नै किन नहोस् ,

श्रीमायासँग मेरो निरन्तर भेट भइरहन्थ्यो । उनी बारम्बार भन्ने गर्थिन्- 'खै, किन हो, हजुरको मलाई अत्यन्तै माया लाग्छ । यदि बुबाले हाम्रो सम्बन्धका बारेमा थाहा पाउनुभयो भने त्यतिबेला के गर्ने होला ?'

श्रीमायाकी आमा सुगर रोगबाट पीडित हुनुहुन्थ्यो । उपचारकै क्रममा उहाँ बित्नुभयो । त्यो घरका लागि अब मेरो आवश्यकता झन् बढेको सम्झिएर बाक्लै जान थालें । काममा अझ बढी सहायताको बहात बढाएँ । वियोगको घडीमा बुबाको मन जित्छु भन्ने विश्वास थियो । उहाँले त गाउँघरमा मलाई काम गर्ने सहयोगीको रूपमा परिचय गराउनु हुँदोरहेछ । श्रीमायाको प्राप्तिका लागि मलाई जुनसुकै विशेषण पनि मञ्जुर थियो । हामी यति समर्पित थियौं कि एक अर्काको अभावमा बाँच्न नसक्ने परिस्थिति बनिसकेको थियो । एकदिन हामी एकै ओछ्यानमा सुतेको भेटेपछि त बुबा रिसले पागल हुनुभयो । नोकरसँग उठबस गरेको भनेर मुखमा आएसम्मको गाली गर्दै यति पिट्नु भयो कि शरीर नै आफ्नो हो कि अरूको छुट्याउन कठिन परेको थियो । बुबाको छायाँ परेपछि लगलगी काम्ने श्रीमाया यो घटनापछि आवेगमा आइन । उनले हिम्मत जुटाउँदै भनिन्- 'उ तपाईंको नोकर नभएर मेरो इज्जतिलो साथी हो । हामी एकसाथ बस्दा तपाईँलाई के आपत्ति भयो ?' निर्दोष छोरी एकाएक प्रतिवादमा उत्रेपछि झन् बुबाले श्रीमायालाई कोठामा लगेर थुन्नुभयो । यो प्रकरणपछि घरमा बस्ने सम्भावना सकियो । भनिन्छ, ऐनामा मुख र संसारमा सुख हुँदैन, यो देखिने मात्र हो । हाम्रा लागि पनि त्यस्तै भयो । कि सम्बन्ध माया मार्नुपर्थ्यो कि भागेर प्रेम सफल बनाउनु श्रेयष्कर थियो ।

श्रीमायालाई छोड्न इमान र समर्पणले दिँदैनथ्यो । यो घट्नापछि श्रीमायाका बुबाले श्रीमायाको विवाहका लागि धुइँधुइँती केटा खोज्न थाल्नुभयो । यसले श्रीमायामा झन् छट्पटी बढ्यो । यदि छिट्टै निर्णय नलिने हो भने हाम्रो प्रेम शहीद हुने खतरा बढ्न थाल्यो । प्रेम र युद्धमा सब कुरा जायज हुन्छ भने झैं हामीले भाग्ने मेसो मिलायौं । कहाँ जाने ? नजिकैको सुरक्षित शहर नेपालगञ्ज जानेमा सहमति भयो ।

नेपालगञ्ज त पुगियो, अब के गर्ने ? के खाने ? कहाँ बस्ने ? मानिस हिँडेसँगै उसका व्यवहार र कर्तव्य सँगै तानिन्छन् । मुख्य त पेट नै अघि लाग्छ । कहिल्यै घर नछोडेका हामीले परदेशमा एउटा कोठा लियौं । घरबेटीलाई आफ्ना कथाव्यथा सबै सुनायौं । केटी–केटी भएपनि सम्बन्धमा गाँसिएको बताउँदा घरबेटीले आश्चर्य मान्दै सोध्नुभएको थियो- 'तिमीहरूलाई केटा भन्ने जातै मन पर्दैन हो ?' यसपछि रोजीरोटीका लागि ज्यामी काम शुरू गरें । यसले केही राहत दियो । शहरमा टिक्ने आशाका किरण देखा पर्न थाले ।

एकदिन श्रीमायाको बुबा हामी बसेको ठाउँमा टुप्लुक्क आइपुग्नुभयो । लाग्यो, उहाँको रिस शान्त भएर लिन आउनुभएको । एकैछिनमा मेरो कल्पना मिथ्या सावित भयो । उहाँले हाम्रो घरबेटीलाई तुरून्त ननिकाले अप्ठ्यारो पर्ने धम्की दिनुभयो । इज्जतमाथि खेलेको नानाभाँतीका आरोप लगाएर हामी विरूद्ध विषवमन गर्नुभयो । घमण्डले बताउँछ पैसा कति छ । संस्कारले बताउँछ, परिवार कस्तो छ । बोलीले बताउँछ, मानिस कस्तो छ । बहसले बताउँछ, ज्ञान कति छ । अनुहारले बताउँछ, सौन्दर्य कति छ । स्पर्शले बताउँछ, नियत कस्तो छ । हो, श्रीमायाको बुबाले फेरि आफ्नो औकात देखाउनुभयो ।

श्रीमायाको बुबाको धम्की सामना गर्ने तागत नदेखेर घरबेटीले हामीलाई निकालिदिए । हामीले आफ्नो बारे देखाएको इमान अन्तत : अभिषाप सावित भयो । घरबेटी हामीमाथि खनिन थाले 'तिमीहरू छक्का, खै के खालका मान्छे रहेछौ । तिमीहरूको उपस्थितिले समाजमा हामीलाई अप्ठ्यारो भइसक्यो ।' श्रीमायाले घरबेटीसँग आफ्ना कारणले परेको असुविधाका लागि क्षमा मागिन । कुनै प्रतिवाद नगरी भोलिपल्टै त्यो घर छोडियो ।

रातारात अर्को ठाउँमा डेरा सऱ्यौं । यहाँ त सुरक्षित भइएला भनेको त्यहाँ पनि अघिल्लै प्रकरण दोहोरियो । श्रीमायाको बुबाको भाँडभैलोले अझ उग्र रूप लिँदै गयो । अब हामी सुरक्षित हुने बाटाहरू साँघुरिदै गएका थिए । केही न केही त उपाय निकाल्नै पऱ्यो । बुबालाई भावनात्मक पत्र लेख्ने निर्णय गऱ्यौं । दुवैको हस्ताक्षरसहित पठाइएको पत्रमा लेखेका थियौं– 'हामीलाई घरमा आश्रय दिनुस् । यदि बाहिर बस्दा पनि हाम्रो पछि लागेर दुख दिन छोड्नु भएन भने हामी एउटै पासोमा लागेर आत्महत्या गर्छौं । त्यो हत्याको दोषी अरू कोही नभएर तपाईं हुनुहुनेछ ।' यो चिठीले रामवाणको काम गऱ्यो । यो उपायपछि श्रीमायाको बुबा देखापर्नु भएन ।

ज्यामी काम गरेर कमाएको पैसाले व्यवहार चल्न छोड्यो । श्रीमायाको लागि जागिर खोज्न थुप्रै जुत्ता फटाएँ । धाउँदा धाउँदा धौ–धौ नारी संस्थामा सामान्य काम मिल्यो । उनको पनि काम भएपछि हाम्रो जीवन अलि सहज बन्यो । नेपालगञ्ज बसेपछि विभिन्न सूचना पाउन थालियो । निलहीरा समाज, मितिनीजस्ता संस्थाहरू हाम्रै हकहित र अधिकारका लागि क्रियाशील रहेको थाहा भयो । कुनै न कुनै दिन खर्च जुटाएर भएपनि काठमाडौं गएर आफ्नो अधिकार र रोजगारीका लागि याचना गर्ने सल्लाह हामीले गऱ्यौं । यस्ता सूचना र सन्देशले आफू एक्लो नभएको ढाडस दिन्थ्यो र आत्मबल उचो भएर आउँथ्यो ।

नेपालगञ्जमा पश्चिम तारा नेपाल नामको संस्था छ भन्ने थाहा भएपछि म र मेरो साथी त्यहाँ पुग्यौं । आफूजस्तै कथाव्यथा बोकेका साथीहरूसँगको भेटले दुख पीडा बिर्सिएको अनुभूति भयो । त्यहाँ भेटिएका साथीमध्ये अंकित पुनको व्यवहार अत्यन्तै स्मरणीय लाग्यो । अंकितले हौसला दिँदै भनेका थिए– 'दाइ, चिन्ता मान्नु पर्दैन । हाम्रै लागि यो संस्था दर्ता भएको हो । स्वतन्त्रतापूर्वक बाँच्न पाउने मौलिक हकलाई कसैले पनि कुण्ठित गर्न सक्दैन । हाम्रो हक, अधिकारका लागि एकजुट भएर लड्नुपर्छ । एक्लो छु भनेर हरेश खानु पर्दैन । हामी यौनिक तथा लैंगिक अल्पसंख्यक समुदाय हौं । समुदायको मुद्दा समूहगत रूपमै लडनुपर्छ ।' यो संस्था नयाँ रहेछ । अंकितको प्रोत्साहनलाई पछ्याउँदै संस्थाको काममा अहोरात्र खटिन थालें । संस्थाले तालिम दियो । तालिम पाएपछि आफूलाई लागेका कुरा निर्भयपूर्वक बोल्न सक्ने क्षमताको विकास भयो । यसबाट परेको समस्या उजागर गर्न र समाजले हेर्ने दृष्टिकोण बदल्न सामर्थ्य पैदा भयो । संस्थासँगको हेलमेलपछि पहिला र अहिले आकास पातालको अन्तर छ । हेपेर बोल्नेहरूको संख्या घट्दै गएको छ । यिनीहरू पनि शक्ति हुन । यो समुदायका कुरा सुन्नुपर्छ भन्ने मानसिकता समाजमा प्रबल बन्दैछ । सरकारी निकाय, राजनीतिक दलका स्थानीय नेता, कार्यकर्ताहरूमा पनि चेतना विकास हुँदैछ ।

हाम्रो एकताको बलले नै हुनुपर्छ– श्रीमायाको बुबाले हाम्रो सम्बन्धलाई हार्दिकतापूर्वक स्वीकार्नु भएको छ । उहाँले नेपालगञ्जमा बनाएको घरमा सपरिवार बसेका छौं । अहिले त श्रीमायाभन्दा मैले बुबाको माया बढी पाउन थालेको छु । समाजका सदस्यले पनि साइनोअनुसार सम्बोधन गरेर बोलाउँछन् । समाजमा आएको यो परिवर्तन आनन्द दिन्छ । दुख सम्झ्यो दुखै, सुख सम्झ्यो सुखै भने झैं सामाजिक सञ्जाल र सूचना प्रविधिको विकासले सबैको अस्तित्व स्वीकार्ने राम्रो प्रचलन शुरू भएको छ । विभिन्न राष्ट्रिय, अन्तर्राष्ट्रिय संघसंस्थाहरूले हाम्रो हक अधिकारका विषयमा थुप्रै कार्यक्रम गर्ने गरेका छन् । भ्याएसम्म त्यस्ता कार्यक्रम नछुटाउने प्रयत्न गर्छु । अरू नभई आफूबाट शुरू परिवर्तनले दीर्घजीवन प्राप्त गर्छ भन्नेमा दुइमत छैन । हामीले जिन्दगीलाई जति प्रश्न गरौं तर उत्तर चाहिँ समयले दिने रहेछ । प्रेमका भुक्तभोगीहरू भन्छन्, प्रेम गर्दा कहिल्यै दिमाग र व्यापार गर्दा मन नचलाउनु । हो, यही आदर्श पछ्याउँदा सम्बन्धले अढाई दशक पार गरेको छ । चुनौती विनाको जिन्दगी के जिन्दगी भने जस्तै घामछायाँ पार गर्दै दिन वितिरहेका छन् । चुकजस्तो कालो रात काट्ने हिम्मत नहुनेले कहिले पो विहानको कलिलो सूर्यको लालिमा देख्न पाएका छन् र ?

***

Mitini NEPAL
मितिनी नेपाल

## मितिनी नेपालको परिचय

मितिनी नेपाल महिला समलिंगी, द्वयलिंगी र ट्रान्सजेण्डरहरूको सहयोगको लागि काम गरीरहेको एक गैर सरकारी संस्था हो । नेपालका यौनिक तथा लैगिंक अल्पसंख्यक समुदायहरूको मानव अधिकारको संरक्षण तथा सम्वर्द्धन गर्ने तथा राजनैतिक अधिकार सहितको समतामूलक समाज निर्माण गर्ने उद्देश्यले सन् २००५ मा स्थापना भएको हो ।

## दूरदृष्टि

"एउटा त्यस्तो न्यायपूर्ण समाजको स्थापना गर्ने जहाँ यौनिक तथा लैगिंक अल्पसंख्यक समुदायका मानिसहरू सम्मानपूर्वक बाँच्ने तथा सार्वजनिक जीवनका हरेक क्षेत्रमा उनीहरूको उपलब्धीमूलक सहभागिता गराउने र सामाजिक, आर्थिक, कानुनी तथा राजनैतिक सम्पूर्ण हिसावले सुरक्षित बनाउने ।"

## कार्यनीति

"आम सरोकारवाला निकायहरू बीच समन्वय, सहकार्य, सञ्जालीकरण तथा आपसी समझदारीका माध्यमबाट यौनिक तथा लैगिंक अल्पसंख्यक समुदायका मानिसहरूको राजनैतिक, कानुनी, सामाजिक, आर्थिक, स्वास्थ्य तथा शैक्षिक अधिकारमा उनीहरूको सहज पहुँचको लागि बहस पैरवी गर्ने ।

## कार्यक्रमहरू

- **बहस तथा पैरवी:**
  यौनिक तथा लैगिंक अल्पसंख्यक समुदायका मानिसहरूको समान हक अधिकारका लागि हामी न्यायकर्ता, सरकारी तथा अन्य सरोकारवाला निकाय, आम सञ्चार, नागरिक समाजका अगुवाहरूसँग बहस तथा पैरवी गर्छौं । हामी विभिन्न छलफल, गोष्ठि कार्यशाला, ऱ्याली, धर्ना, पत्रकार सम्मेलन आदि समेत गर्दछौं ।

- **सामाजिक जागरण तथा सचेतना:**
  हामी विभिन्न सडक नाटक, पोष्टर तथा पम्फलेट प्रकाशन, रेडियो कार्यक्रम, विद्यालय, कलेजजस्ता शैक्षिक संस्थाहरूमा अभिमुखीकरण आदिका माध्यमबाट यौनिक अभिमुखिकरण, लैगिंक पहिचान तथा अभिव्यक्ति लगायतका सवालहरूमा बहस तथा पैरवी गर्छौं । समुदायमा आधारित संस्थाहरू, व्यवस्थापिका संसद सदस्यहरू, सरकारी सरोकारवाला निकायहरू, सामुदायिक प्रहरी तथा पत्रकारहरूलाई समेत सामाजिक जागरण तथा सचेतनामुलक कार्यक्रमहरूको आयोजना गर्दछौँ ।

- **सीप विकास:**
  यौनिक तथा लैगिंक अल्पसंख्यक समुदायका मानिसहरूको आर्थिक सशक्तिकरण लागि सीप विकास तथा आय आर्जन सम्बन्धी तालिम प्रदान गर्दछौं । सिलाई, बुनाई, ड्राइभिङ, सौन्दर्यकला सम्बन्धी तालिम, कफी तयारी, च्याउ खेती तथा मैनबत्ती उत्पादनजस्ता तालिमहरू हामीले चलाउँदै आइरहेका छौ ।

- **क्षमता विकास:**
  हामी नेतृत्व विकास, मानव अधिकार, कानुनी सचेतना अभिमुखीकरण जस्ता क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्दछौ ।

- **मनोसमाजिक तथा कानुनी परामर्श सेवा:**
  आवश्यकताका आधारमा हामी यौनिक तथा लैगिंक अल्पसंख्यक समुदायका मानिसहरू तथा तिनका परिवारका सदस्यहरूलाई मनोसामाजिक तथा कानुनी परामर्श सेवा प्रदान गर्दछौ ।

- **अध्ययन तथा अनुसन्धान:**
  हामी यौनिक तथा लैगिंक अल्पसंख्यक समुदायका मानिसहरूको सवालमा उनीहरूका समस्या तथा अनुसन्धानमा रहेर खोज तथा अनुसन्धान गर्छौं ।

## मुख्य उपलब्धिहरू

- सन २०१२ मा सर्वोच्च अदालतले गरेको ऐतिहासिक फैसलाअनुसार उमेर पुगेका हरेक समलिंगी महिला तथा समलिंगी पुरुषहरू संवैधानिक तथा कानुनी अधिकारहरूको समान हिसाबले उपभोग गर्न सक्छन् भन्ने मुद्दाको पक्षमा कानुनी सहयोग प्रदान गरेको ।
- सचेतनामूलक कार्यक्रमका माध्यमबाट यौनिक तथा लैगिंक अल्पसंख्यक समुदायलाई हेर्ने आम मानिसहरूको व्यवहार तथा सोचमा परिवर्तन ल्याउन यौनिक तथा लैगिंक अल्पसंख्यक समुदायका मानिसहरूको क्षमता विकास गर्न पैरवी गरेको ।
- यौनिक तथा लैगिंक अल्पसंख्यक समुदायका १००० भन्दा बढी जनालाई व्यवसायसम्बन्धी तालिम प्रदान गरेको ।
- वहस तथा पैरवीको माध्यमबाट टायम्स इन्टरनेशनल कलेजले हामीसँगको साझेदारीमा यौनिक तथा लैगिंक समुदायका विद्यार्थीहरूका लागी ५० प्रतिशत छात्रवृति सुनिश्चित गरेको छ । यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायको बीमामा सहज पहुँच तथा सुनिश्चितताको लागि ज्योति इन्स्योरेन्स कम्पनीसँग साझेदारी गरिएको छ । साथै कम्पनीको आवेदन फाराममा अन्य लिङ्गी उल्लेख गर्न सहमति भएको छ ।


on Sexual Orientation
in Schools


Training on public speaking and
personality development
21th August 2019
Supported by
GLOBAL FUND FOR WOMEN


Workshop with Teachers Group
on LGBTI Issue
16 November 2019
Alfa Beta, Baneshwor, Kathmandu




Women and Social Committee on Legal Gaps
and Challenges of LGBTI Community
24 October 2019




LGBTI
अप्राकृतिक होइनन
MITINI NEPAL
PEOPLE
LGBTI PEOPLE WANT MARRIAGE EQUALITY
HUMAN RIGHTS DAY
EQUALITY
FREEDOM
PEACE
HOPE
DIGNITY
RULE OF LAW
PROSPERITY
MITINI NEPAL
RESERVATION FOR LGBTI COMMUNITY
MITINI NEPAL


Interaction and Sharing Baseline Survey
with Member of Parliamentarians on Violence against
Lesbian, Bisexual and Transgender
marking the International Human Rights Day
10 December 2019


BILLION
मितिनी नेपाल




Provincial Workshop on Universal Periodic
Review of the LGBTI Issue
8 Feburary 2020
Province no 7, Dhangadi
Supported by
RFSL


Program on LGBTI Issue
13th June 2019


"Marking International Women's Day
an Interaction Program with
Stakeholders on
LBTQI Women's Issue"
8 March 2020
Kathmandu, Nepal
Organized by
Supported by
fjs


"National Validation Consultation
Universal Periodic Review on
LGBTI Issues"
1 March 2020
Kathmandu, Nepal
Organized by
Supported by


Love
Respect
Freedom


Capacity Building for
LBTI Community
Kathmandu, Nepal
March 12-13, 2019






अधिकार हो
MITINI NEPAL
PEOPLE
MITINI NEPAL
HUMAN RIGHTS DAY
RESERVATION
FOR
LGBTI
COMMUNITY


I
SUPPORT
HOMOSEXUAL
I AM PROUD
TO BE A
LESBIAN


"Orientation on sexual orientation




पार्टनर रोज्न
पाउने
LGBTI को समान
अधिकार हो
MITINI NEPAL

Mitini NEPAL

मितिनी नेपाल

**Organization for the rights and dignity of Lesbian, Bisexual & Transgender**


Bhatbhateni, Kathmandu, Nepal
GPO Box: 8974, CPC 331

+977-01-4433118 / 9851153456

+977-01-4433118

www.mitininepal.org.np

Mitininepal

watch?v=visIOBoKZ4E

mitini_jewellery
mitini.nepal



Supported by

FJS FOUNDATION FOR A JUST SOCIETY